जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ❋ अंक : २२३ ❋ २०८२ साल फागुन २६ गते, मंगलबार ❋ Tuesday, Mar.– 10 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## नयाँ सरकार गठन प्रक्रिया सुरु हुँदै : कहिलेसम्म पाउला देशले नयाँ प्रधानमन्त्री ?

***काठमाडौं, फागुन २५ –***
प्रतिनिधिसभा निर्वाचनको अधिकांश नतिजा सार्वजनिक भइसकेसँगै अब देशको ध्यान नयाँ सरकार गठन प्रक्रियातर्फ केन्द्रित भएको छ। निर्वाचन आयोगले अन्तिम नतिजा तयार पारेर राष्ट्रपतिसमक्ष पेश गरेपछि मात्रै औपचारिक रूपमा नयाँ सरकार गठन प्रक्रिया सुरु हुनेछ।






हालसम्म प्रतिनिधिसभाका १६५ मध्ये १६३ निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको नतिजा सार्वजनिक भइसकेको छ भने समानुपातिकतर्फ पनि करिब ९० प्रतिशत मतगणना सम्पन्न भइसकेको निर्वाचन आयोगले जनाएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई का अनुसार अझै करिब १८ लाख मत गणना हुन बाँकी रहेको छ।

समानुपातिक सिट बाँडफाँटपछि अन्तिम परिणाम

निर्वाचन आयोगका अनुसार अबको एक–दुई दिनभित्र समानुपातिकतर्फको मतगणना सकिने अपेक्षा गरिएको छ। त्यसपछि आयोगले समानुपातिक प्रणालीअन्तर्गत दलहरूले पाउने सिट निर्धारण गर्नेछ।

सिट बाँडफाँट भएपछि राजनीतिक दलहरूलाई बन्दसूचीमा रहेका उम्मेदवारमध्ये निर्वाचित हुने सांसदहरूको नाम पठाउन दुईदेखि तीन दिनको समय दिइनेछ। सबै विवरण संकलन गरेपछि आयोगले प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको अन्तिम निर्वाचन परिणाम तयार पारेर राष्ट्रपतिलाई बुझाउनेछ।

बहुमत दलको नेता नै प्रधानमन्त्री संविधानको धारा ७६ (१) अनुसार

बाँकी तेस्रो पृष्ठमा

## बाँके–३ मा खगेन्द्र सुनार विजयी, दलित अधिकारका अभियन्ता संसदमा प्रवेश

***नेपालगन्ज, फागुन २५ –***
प्रतिनिधि सभा निर्वाचनअन्तर्गत बाँके-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार खगेन्द्र सुनार विजयी भएका छन्। सामाजिक आन्दोलनबाट उदाएका सुनारले ९ हजार ९४२ मतान्तरले आफ्नो प्रतिस्पर्धीलाई पराजित गर्दै पहिलोपटक संघीय संसदमा प्रवेश गरेका हुन्।




अन्तिम मतपरिणामअनुसार सुनारले २९ हजार ५५१ मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का सुमन मल्ल ले १९ हजार ६१५ मत प्राप्त गरेका छन्। त्यस्तै नेपाली कांग्रेसका अमर सिंह पुन ले १३ हजार २१५ मत पाएका छन् भने नेपाली कम्युनिस्ट पार्टी का दिपककुमार गौरी मगर ले ३ हजार ७७४ मत पाएका छन्।

दलित अधिकारका लागि सडकबाट संसदसम्म

खगेन्द्र सुनार लामो समयदेखि दलित समुदायको हक अधिकार र सशक्तीकरणका लागि संघर्ष गर्दै आएका सामाजिक अभियन्ता हुन्। उनी जातीय विभेद, छुवाछूत र सामाजिक अन्यायविरुद्ध निरन्तर सडक आन्दोलनमा सक्रिय थिए।

सुनारले दलित अधिकारका लागि विभिन्न चरणमा एकल आन्दोलन समेत गरेका थिए। २०८१ साल साउन २३ गतेदेखि काठमाडौंको माइतीघरमा उनले अर्धनग्न शरीरमा नेल (किला) गाडेर विरोध प्रदर्शन गरेका थिए, जसले राष्ट्रिय स्तरमा ठूलो चर्चा पाएको थियो। विभिन्न आन्दोलनका क्रममा उनले जेल सजायसमेत भोगेका थिए।

बाँकी तेस्रो पृष्ठमा

## बारा–२ को समानुपातिक तर्फ पनि रास्वपा पहिलो

***संवाहक सम्वादाता–*** *२५फागुन, कलैया*
प्रतिनिधि सभा निर्वाचनअन्तर्गत बारा निर्वाचन क्षेत्र नम्बर २ मा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो भएको छ।




निर्वाचन अधिकृतको कार्यालयका अनुसार समानुपातिकतर्फ रास्वपाले ३९ हजार ६१९ मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको हो।

यस्तै, जनता समाजवादी पार्टी नेपाल (जसपा) ले ११ हजार ९०९ मत प्राप्त गर्दै दोस्रो स्थानमा रहेको छ भने नेपाली कांग्रेस ले १० हजार ३३० मत पाउँदै तेस्रो स्थान हासिल गरेको निर्वाचन अधिकृत किरण सिंह ले जानकारी दिएका छन्।

त्यसैगरी नेकपा (एमाले) ले ६ हजार ३५६ मत प्राप्त गरी चौथो स्थानमा रहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी ले १ हजार ३७ मत पाएको छ।

अन्य दलतर्फ नेपाल संघीय समाजवादी पार्टी / बहुजन एकता पार्टी नेपाल / नेपाल जनजागृति पार्टी ले १ हजार ३२६, नेपाली कम्युनिष्ट पार्टी ले ९८४, जनमत पार्टी ले ८८०, राष्ट्र निर्माण दल नेपाल ले ४४६ तथा आम जनता पार्टी / जनादेश पार्टी नेपाल ले ३१६ मत प्राप्त गरेका छन्।

निर्वाचन अधिकृत सिंहका अनुसार बारा-२ मा १ लाख १३ हजार ८३९ कुल मतदाता रहेका थिए। तीमध्ये ७७ हजार ९१७ मत खसेको थियो। खसेको मतमध्ये ७५ हजार ६१८ मत सदर भएको छ भने २ हजार २९९ मत बदर भएको जनाइएको छ। समानुपातिकतर्फ यस क्षेत्रमा ५७ वटा राजनीतिक दल ले प्रतिस्पर्धा गरेका थिए।

## भारतीय प्रधानमन्त्री मोदीले रवि र बालेन्द्रलाई फोन गरेर दिए बधाइ

***काठमाडौं, फागुन २५ –***
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र साहसँग फोनमार्फत सम्पर्क गरेका छन्। फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा दुवै नेता र रास्वपाको सानदार जित भएकोमा मोदीले बधाई दिएका हुन्।



मोदीले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै नयाँ सरकार गठन र नेपाल-भारतबीच परस्पर हित र समृद्धिका लागि सहकार्य गर्ने आशा व्यक्त गरेका छन्। उनले भनेका छन्, "म हाम्रा साझा प्रयासमार्फत आगामी वर्षहरूमा भारत-नेपाल सम्बन्ध नयाँ उचाइमा पुग्नेमा विश्वस्त छु।"

प्रतिनिधि सभा निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट जितिसकेको छ भने समानुपातिक मतगणना जारी छ। निर्वाचन आयोगले समानुपातिक मत गणना मंगलबारसम्म सकिने जनाएको छ। यससँगै रास्वपाले बहुमतसहितको सरकार बनाउने सम्भावना प्रस्ट देखिएको छ।

## धनुषा–१: कानुनी विवादबीच मातृकाप्रसाद यादव विजयी

***जनकपुर, २५ फागुन –***
धनुषा निर्वाचन क्षेत्र नं. १ मा मत परिणामको घोषणा र कानुनी प्रक्रियाबीच नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार मातृकाप्रसाद यादव विजयी भएका छन्। निर्वाचन आयोगले सोमबार साँझ उनलाई विजेता घोषणा गर्दै प्रमाणपत्र वितरण गरेको हो।



धनुषा-१ को मत परिणाम घोषणा सर्वोच्च अदालतको अस्थायी आदेशका कारण विवादित रहेको थियो। अदालतले मत परिणाम तत्काल घोषणा नगर्न निर्देशन दिँदै अर्को पेसी फागुन २९ मा सुनुवाइ तय गरेको थियो। तर निर्वाचन आयोगले आफ्नै प्रक्रिया अनुसार विजेताको प्रमाणपत्र वितरण गरेको छ।

प्रत्यक्ष मत गणना आइतबार राति सकिए पनि मत परिणामको आधिकारिक घोषणा कानुनी विवादका कारण ढिला भएको थियो। यस चुनावमा रास्वपा उम्मेदवार किशोरी साहको उम्मेदवारी निर्वाचनको दुई दिनअघि खारेज

बाँकी तेस्रो पृष्ठमा

## अन्तरघातको आरोपमा कांग्रेसको पूर्वमन्त्रीसहित ११ जनामाथि कारबाही

***संवाहक सम्वादाता–*** *२५फागुन, कलैया*
प्रतिनिधिसभा सदस्य निर्वाचनपछि सिरहा-१ मा नेपाली कांग्रेसभित्र आन्तरिक विवाद देखिएको छ। पार्टी उम्मेदवारलाई असहयोग गरेको आरोपमा क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्रीसहित ११ जनामाथि कारबाहीका लागि सिफारिस गरेको छ।




नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति सिरहा-१ ले पूर्वमन्त्री तथा पूर्वकेन्द्रीय सदस्य पदम नारायण चौधरी सहित ११ जनालाई पाँच वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्न केन्द्रीय अनुशासन समितिमा सिफारिस गरेको क्षेत्रीय सभापति महेश प्रसाद चौधरी ले जानकारी दिएका छन्।

कारबाही सिफारिसमा पर्ने अन्य व्यक्तिहरूमा महाधिवेशन प्रतिनिधि सन्तोष चौधरी, नेपाल थारू संघका जिल्ला अध्यक्ष अजय चौधरी, क्षेत्रीय सहसचिव मुकेश महतो, क्षेत्रीय सदस्य कन्हैयाप्रसाद गुप्ता, नेपाल लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष आनन्द चौधरी, जिल्ला सदस्य रामगणेश दास, महाधिवेशन प्रतिनिधि गौरी चौधरी, लहान-१० का बुथ सभापति अम्बराज मिश्र, लहान-२० का बुथ सभापति विनोद साह तथा क्षेत्रीय सदस्य गोपालकृष्ण यादव रहेका छन्।

क्षेत्रीय सभापति चौधरीका अनुसार प्रतिनिधिसभा निर्वाचनको समयमा उनीहरूले पार्टी उम्मेदवारलाई असहयोग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी तथा स्वतन्त्र उम्मेदवारलाई सहयोग

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# जाँचबुझ आयोगको प्रतिवेदन: सत्य, जिम्मेवारी र पारदर्शिताको परीक्षा

भदौ २३ र २४ गतेका घटनाबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले सरकारलाई प्रतिवेदन बुझाएसँगै अहिले सरकार त्यसको अध्ययन प्रक्रियामा प्रवेश गरेको छ। आयोगले आफ्नो काम सम्पन्न गरी प्रतिवेदन बुझाइसकेको अवस्थामा अब सरकारको भूमिका अझ महत्त्वपूर्ण बनेको छ। यो केवल प्रतिवेदन अध्ययन गर्ने विषय मात्र नभई सत्य उजागर गर्ने, जिम्मेवारी तय गर्ने र न्याय सुनिश्चित गर्ने परीक्षा पनि हो।

घटनासँग जोडिएका राजनीतिक नेतृत्व, सुरक्षा निकाय र अन्य पक्षहरूको भूमिकाबारे आयोगले विश्लेषण गर्दै कारबाहीसम्बन्धी सिफारिस गरेको भन्ने खबर सार्वजनिक भएको छ। यदि प्रतिवेदनमा उल्लेख गरिएका तथ्यहरू गम्भीर छन् भने त्यसलाई राजनीतिक प्रभाव, दलगत स्वार्थ वा शक्ति सन्तुलनका आधारमा दबाउने प्रयास हुनु हुँदैन। लोकतन्त्रमा कानुन सबैका लागि समान हुन्छ भन्ने सिद्धान्त व्यवहारमा पनि देखिनुपर्छ। विशेषगरी उच्च तहका नेतादेखि सुरक्षा अधिकारीसम्मको भूमिकाबारे प्रश्न उठेको सन्दर्भमा सरकारको निर्णयले राज्यको जवाफदेहिता कति मजबुत छ भन्ने स्पष्ट गर्नेछ। यदि दोषी ठहरिएका व्यक्तिमाथि निष्पक्ष रूपमा कारबाही अघि बढाइयो भने त्यसले जनविश्वास बढाउनेछ। तर प्रतिवेदनलाई गोप्य राख्ने, निर्णय लम्ब्याउने वा राजनीतिक सम्झौतामा टुंग्याउने प्रयास गरियो भने त्यसले राज्यप्रति जनताको भरोसा कमजोर बनाउने खतरा रहन्छ। यस्ता घटनाले भविष्यमा पुनः दोहोरिन नदिन संस्थागत सुधार, सुरक्षा व्यवस्थाको पुनरावलोकन र कानुनी प्रक्रिया बलियो बनाउने अवसर पनि दिन्छ। त्यसैले आयोगको प्रतिवेदनलाई केवल एउटा औपचारिक कागजातको रूपमा होइन, राज्य प्रणाली सुधार गर्ने आधारको रूपमा लिनु आवश्यक छ। अब देशको नजर मन्त्रिपरिषद्को निर्णयतर्फ केन्द्रित छ। सरकारको कर्तव्य प्रतिवेदनलाई निष्पक्ष रूपमा अध्ययन गरी सत्य सार्वजनिक गर्नु, दोषीलाई कानुनअनुसार कारबाही गर्नु र पीडितलाई न्याय दिलाउनु हो। यही बाटोले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ र राज्यप्रति नागरिकको विश्वास कायम राख्छ।

# अर्थतन्त्र सुधारको कार्यभार






नेपालका निम्ति ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्र लगानी प्रवर्धन र आर्थिक विकासका आधार हुन्। पाँच वर्षमा १५ हजार मेगावाट र १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन रास्वपाको लक्ष्यले अब सार्थकता पाउनु पर्छ। त्यसका निम्ति तीन दशकअघि ल्याएका नीति, कानुन र विधिलाई अझ उदारतापूर्वक लगानीमैत्री बनाउनुपर्ने छ। कर्णाली चिसापानी जस्तो एउटै आयोजनाबाट १० औँ हजार मेगावाट जलविद्युत् उत्पादनका निम्ति लगानीकर्ता र बजार सुनिश्चित गर्ने समय आएको छ। त्यसतर्फ अब विलम्बन गर्नु हुँदैन।

जुनारबाबु बस्नेत

प्रतिनिधि सभाको निर्वाचन २०८२ सम्पन्न भएको छ। साविकभन्दा दुई वर्ष अगावै बेग्लै परिपरिस्थितिमा सम्पन्न यो निर्वाचनको जनादेश परम्परामा विशाल क्रम भङ्ग गरेको छ। नेपाली मतदाताले तीव्र परिवर्तन चाहेका रहेछन् भन्ने स्पष्ट भएको छ। भदौ २३ र २४ गतेको नवपुस्ता अर्थात् जेनजीको विद्रोहलाई मतदाताले संस्थागत गरेको अनुभूति भएको छ। नवपुस्ताको विद्रोहमा देशभित्र सुशासन नभएको तीव्र आक्रोश थियो। सुशासनको अभावसँगै भ्रष्टाचार न्यूनीकरण हुन नसकेको प्रति तीव्र प्रहार थियो। विश्वमै नेपाल भ्रष्टाचार हुने मुलुकको रूपमा चिनिएको छ। यो कुरूप तस्बिरलाई नवपुस्ता बदल्न चाहन्थे। सामाजिक न्यायको अभावसँगै सरकारको चुस्त सेवा प्रवाहको अभाव खड्किएकै हो। सबैभन्दा मुख्य विषय त देशको शिथिल अर्थतन्त्र नै हो। शिथिल अर्थतन्त्रका कारण दैनिक दुई/तीन हजार युवा बिदेसिनुपर्ने बाध्यता रह्यो। निर्वाचनकै दिन पनि हजारभन्दा बढी युवा बाहिरिए। बाह्य संसार असाध्य अन्योल र अशान्त हुँदा पनि बाहिर जानेको दबाब नघटेको कस्तो विडम्बना ? लगानी कमजोर रहँदा उत्पादन बढ्न सकेन। रोजगारी बढेन। आय बढ्न सकेन। यो सबैले देशभर नै असन्तोष बढ्यो। नवपुस्ता विद्रोह त्यो असन्तुष्टिकै प्रतिरूप थियो। अब निर्वाचनबाट नयाँ आयाम स्थापित भएको छ। मतदाताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई विशाल मतका साथ विश्वास गरेका छन्। अर्थतन्त्रको तीव्र सुधार गर्नु अब नयाँ सरकारको मुख्य कार्यभार रहेको छ।

नेपालमा २००७ सालपछि यो झन्डै साढे सात दशकमा राजनीतिक स्थिरताको चरम अभाव रह्यो। कुनै पनि कार्यकारी प्रमुखले निरन्तर पाँचबर्से कार्यकाल पूरा गर्न सकेनन्। संविधान सभाले एक दशकअघि संविधान लेखेपछि देशले राजनीतिक स्थिरता र तीव्र आर्थिक विकासको आशा गरेको थियो तर आशा र विश्वासविपरीत राजनीतिक अस्थिरता झनै बढ्यो। २०७४ सालमा विशाल बहुमतका साथ नेपाल कम्युनिस्ट पार्टीलाई जिताए पनि पाँच वर्ष स्थायी कार्यकारी मुलुकले पाउन सकेन। बिचमै सरकार ढल्यो। कार्यकारी प्रमुख निरन्तर बदल्ने, पालैपालो सरकारमा जाने जस्तो झनै अस्थिर परम्पराले दशक बित्यो। त्यसले आर्थिक विकासमा अवरोध ल्यायो। जनअसन्तुष्टि चरम हुँदै गर्दा नवपुस्ता विद्रोह हुन पुग्यो। अब नयाँ सरकारले आर्थिक सुधारका कार्यभारलाई तीव्रताका साथ अगाडि बढाउनुपर्ने छ। यतिबेला नेपाली बैङ्क तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी थुप्रिएर बसेको छ। कर्जा प्रवाहका निम्ति न्यून ब्याजदर हुँदा पनि किन लगानी खुम्चियो ? सुधारका काम त्यसै विन्दुबाट थाल्नुपर्ने छ।

देशभित्रकै पुँजी लगानी हुन नसक्ने यो अवस्था आर्थिक सुधार नीति, योजना र कार्यक्रमको अभाव हुनु पर्छ। लगानीको विश्वासको वातावरण बनाउनु नसकेर नै यो अवस्था आएको हुन सक्छ। नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको अर्धवार्षिक समष्टिगत आर्थिक प्रतिवेदनले पनि तरलताको अवस्था स्पष्ट देखाएको छ। हालै जारी 'समष्टिगत आर्थिक प्रतिवेदन-२०२६' अनुसार बैङ्किङ प्रणालीमा तरलता प्रशस्त भए पनि लगानीको वातावरण कमजोर हुँदा निजी क्षेत्रतर्फ कर्जा प्रवाह सुस्त देखिएको छ। आर्थिक वर्ष २०८२/८३ को छ महिना बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत अर्थात् चार खर्ब १७ अर्ब ४८ करोडले बढेर ७६ खर्ब ८१ अर्ब ३५ करोड रुपियाँ पुगेको छ। कर्जा प्रवाह भने वाञ्छित हुन नसक्दा १२ खर्ब रुपियाँभन्दा बढी निक्षेप बैङ्क तथा वित्तीय संस्थामा थुप्रिएर बसेको छ। नयाँ सरकारले आर्थिक सुधारको कार्यदिशा अगाडि बढाउन थुप्रिएको तरलता चुनौती मात्र होइन, आर्थिक सुधारका निम्ति साधन र स्रोतले दिएको अपार अवसरसमेत हो।

विशाल विश्वासका साथ मतदाताले रास्वपालाई विधायक बनाएका छन्। सुविधाजनक विधि बनाउने विशाल सङ्ख्या दिएका छन्। चाहेको विधि बनाएर कार्यकारी अगाडि बढ्न सक्ने जनादेश प्राप्त छ। अब आर्थिक सुधारको कार्यदिशाका निम्ति रास्वपाको आर्थिक दर्शन तथा निर्वाचनका क्रममा ल्याएको घोषणापत्र कार्यान्वयनको अवरोध छैन। रास्वपाले देशलाई आत्मनिर्भर बनाउने भनेको छ र यसका निम्ति आर्थिक सुधार अपरिहार्य नै छ। देशको बाह्य व्यापारमा अहिले झन्डै ९० प्रतिशत आयातमूलक हुँदा परनिर्भर अर्थतन्त्र हुँदो छ। रास्वपाले निर्यातमूलक अर्थतन्त्रको विकासमा अगाडि बढाउने कार्यदिशा लिने छ। त्यस क्रममा रास्वपाले भनेको छ, "आधारभूत आवश्यकताका वस्तु र सेवामा राष्ट्रलाई आत्मनिर्भर बनाइने छ। आयातलाई प्रतिस्थापन गरी निर्यातलाई प्रवर्धन गरिने छ। निर्यातमूलक अर्थतन्त्र विकासका लागि उद्यममैत्री सरकार बनाइने छ। व्यवसायीलाई प्रोत्साहन गर्न व्यवसाय गर्ने वातावरणमा सुधार ल्याइने छ। स्वदेशी उत्पादन वृद्धिका लागि ऊर्जा खपत बढाइने छ, जसका लागि निःशुल्क वा सशुल्क ऊर्जा उपलब्ध गराइने छ।" प्रशासनिक झन्झटका कारण नै देशभित्र लगानीको वातावरण नभएको भन्ने लगानीकर्ताको तीव्र गुनासो लामै समयदेखि कायम छ। स्वदेश लगानीकर्ताले नै हैरानी खेपिरहेका बेला विदेशी लगानीकर्ता आउन सक्ने अवस्था कसरी हुने ? उत्पादन नै बढाउन नसके कसरी निर्यात गर्ने ? निर्यात प्रवर्धनको लक्ष्य उचित छ तर पनि प्राथमिकता त आयात प्रतिस्थापनमा हुनु पर्छ। त्यसका निम्ति आर्थिक सुधारको कदम चाल्नु जरुरी छ। कम्तीमा कृषि उपजका साथै साना तथा मझौला उद्यमबाट देशलाई स्वनिर्भर बनाउने दिशामा नीतिगत सुधार पहिलो पाइला बन्न सक्छ।

रास्वपाले उद्योग तथा व्यापार गर्न चाहनेले कुनै एउटाबाहेक दोस्रो कार्यालयमा पाइला टेक्नु नपर्ने प्रतिबद्धता गरेको छ। बैङ्किङ प्रणालीमा सुधार ल्याउने नीति अवलम्बन गरी ऋण प्रवाहमा सुधार तथा राष्ट्रिय उत्पादनमा वृद्धि गरिने भनेको छ। उद्योगी, व्यापारीको लगानीको सुरक्षा र सम्मान हुन सकेको छैन। यो सन्दर्भमा एकजना बैङ्करले हालै भनेको कुरा असाध्यै महषवपूर्ण छ। उनले आफूले एकै महिनामा सरकारका आठ जना सचिवले तलब खानेभन्दा बढी कर तिर्ने गरेको तर आफूलाई विदेश जाँदा विमानस्थलमा विशिष्ट कक्षको समेत सुविधासम्म नभएको अनुभव सुनाएका थिए। उनले काम गर्न छोडेको भोलिपल्ट आफूलाई राज्यले एक चक्की सिटामोल पनि सित्तैमा नदिने अनौठो आक्रोश पनि पोखेका थिए। वास्तवमा लगानीकर्ताको सम्मानबाटै लगानी प्रवर्धन हुन सक्ने छ। लगानीकर्ताको सम्मानबिना अर्थतन्त्र सुधार हुन सक्ने छैन।

समकालीन विश्वमा सबै काम सरकारले गरेर मात्र अर्थतन्त्रको विकास भएको देखिएको छैन। निजी क्षेत्रलाई विश्वासमा लिनै पर्छ। राज्यले असल नीति, नियम र योजना बनाएर लगानी वातावरण सिर्जना गर्ने हो। त्यसैले सार्वजनिक, निजी साझेदारीको अवधारणालाई रास्वपाले अवलम्बन गर्ने लक्ष्य लिएको छ। त्यसै आधारमा सङ्घीय, प्रादेशिक र पालिकास्तरका विकास योजना सञ्चालन गरिने प्रतिबद्धता छ। सहकारी क्षेत्रका बेथितिलाई अन्त्य गरी मध्यम आय भएका नेपालीलाई सामूहिक रूपमा सहकारीको मूल्यमान्यता कायम राखी व्यवसाय गर्ने वातावरण बनाइने भनेको छ। एक सय दिनमै सहकारीको बचतकर्ताको निक्षेप फिर्ता गर्ने वाचाले धेरैलाई उत्साह त दिएको छ तर यसले फेरि वितरणमुखी अर्थतन्त्रको नयाँ शृङ्खला आरम्भ हुने त होइन भन्ने प्रश्न पनि खडा गरेको छ। उत्पादनबिनाको वितरणले अर्थतन्त्रमा झनै विकृति थप्न सक्ने छ। लगानीमा अवरोध पनि ल्याउन सक्ने छ।

स्वदेशमै रोजगारी, उद्यमशीलता प्रवर्धन र वैदेशिक राजगारीको व्यवस्थापन रास्वपाको प्राथमिकतामा देखिन्छ। त्यस क्रममा स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरी राष्ट्रिय उत्पादन अभिवृद्धिमा जोड दिइने भनिएको छ। यो एक पटक र तत्कालै सम्भव भइहाल्ने छैन। समय लाग्ने छ। त्यसैले हुनु पर्छ, रास्वपाले स्वदेशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन नसकुञ्जेल वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइने प्रतिबद्धता छ। उद्यममैत्री सरकार र उद्यममैत्री बैङ्किङ प्रणालीले लगानी प्रवर्धन गर्ने विश्वास देखिन्छ। विदेशमा सिप र ज्ञान हासिल गरेका नेपालीलाई उचित अवसरको सिर्जना गरी देशको उत्पादन तथा विकासमा लगाउने भनिएको छ। त्यस क्रममा नेपालीको सहभागिता र लगानीमा बन्द भएका सबै उद्योग खोल्न विशेष कार्ययोजना ल्याइने भनिएको छ। अन्य उद्योगमा लगानी गर्न गैरआवासीय नेपालीलाई सहज वातावरण मिलाइने प्रतिबद्धता छ। विदेशबाट फर्केका नेपालीलाई नेपालमै श्रम गर्न सहज कर्जा प्रणाली र अन्य आवश्यक व्यवस्था गरिने प्रतिबद्धता स्वाभाविक छ। यी प्रावधन कार्यान्वयन गर्न सक्दा लगानी प्रवर्धन हुन सक्ने विश्वास छ। आर्थिक सुधारका निम्ति बोझिलो राज्य संरचनालाई चुस्त र छरितो बनाउनुपर्ने छ। एक दशकअघि बनाएको संविधान सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने अनेकौँ सुन्दर पक्ष छन् तर राज्य संरचनालाई भने बोझिलो बनाएको छ। नागरिकको करले यति बोझिलो संरचना धान्न नसक्ने देखिएकै छ। समावेशीलाई आत्मसात् गर्दै बोझिला संरचनालाई चुस्त बनाउँनै पर्नै चुनौती छ। रास्वपाको मन्त्री र मन्त्रालयको संरचना घटाउने प्रतिबद्धता कार्यान्वयन मात्र हुने छैन, अब संविधान संशोधनका निम्ति मुख्य बहसको विषयसमेत बन्ने छ। बलियो बहुमत भएकाले रास्वपाले संविधान संशोधनको मुद्दालाई अग्रता दिई सार्थकता दिन सक्ने छ। सङ्घ र प्रदेशमा मन्त्री र मन्त्रालयको संस्थासँग आगामी दिनमा विधायकको सङ्ख्यामा पनि विचार गर्नुपर्ने छ। देशका ७७ जिल्लामा पुनर्विचार गरी पालिकाको सङ्ख्या कम्तीमा एक तिहाइले घटाएर सङ्घीयतालाई खँदिलो र कार्यमूलक बनाउनु उपयुक्त हुने छ। राज्यका अनावश्यक व्ययभार घटाउँदा त्यसले समग्रमा लाभ नै दिने छ। राज्यको संरचनालाई प्रतिफलउन्मुख बनाउने छ। आर्थिक सुधारको मार्ग पनि खुल्ने छ।


नेपालका निम्ति ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्र लगानी प्रवर्धन र आर्थिक विकासका आधार हुन्। पाँच वर्षमा १५ हजार मेगावाट र १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको रास्वपा लक्ष्यले अब सार्थकता पाउनु पर्छ। त्यसका निम्ति तीन दशकअघि ल्याएका नीति, कानुन र विधिलाई अझ उदारतापूर्वक लगानीमैत्री बनाउनुपर्ने छ। कर्णाली चिसापानी जस्तो एउटै आयोजनाबाट १० औँ हजार मेगावाट जलविद्युत् उत्पादनका निम्ति लगानीकर्ता र बजार सुनिश्चित गर्ने समय आएको छ। त्यसतर्फ अब विलम्बन गर्नु हुँदैन। आजभन्दा दुई दशकअघि नै १०/२० हजार मेगावाट विद्युत् निकाल्न सकेको भए देशको मुहार नै यतिबेला अलग हुने थियो। विगत तीन दशक ऊर्जामा कम काम र बढी किचलो र कमिसन तन्त्रमा बित्यो। अब त्यो अवस्था हुनु हुँदैन। कृषिप्रधान देशलाई आयातमूलक परनिर्भरबाट मुक्ति दिन तत्कालै सजिलो छैन तर अब कृषि क्रान्ति अपरिहार्य नै छ। पर्यटन सम्भावनासँगै सूचना प्रविधिको अपार सम्भावनामा लगानी बढाउनै पर्छ। समग्रमा आर्थिक सुधारको कार्यभारलाई नयाँ सरकारले गम्भीर रूपमा लिएर अगाडि बढाउँदा नै जनादेशको सार्थक सम्बोधन हुँदै जाने छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## जर्मन औद्योगिक कमजोरीले मर्जमाथि दबाब बढायो

फ्रान्कफर्ट (जर्मनी), फागुन २५ गते । जनवरीमा जर्मन औद्योगिक उत्पादन र अर्डर अपेक्षाभन्दा कमजोर आएको तथ्याङ्कले चान्सलर फ्रेडरिक मर्जमाथि युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रलाई पुनर्जीवित गर्ने दबाब बढाएको छ । सङ्घीय तथ्याङ्क कार्यालय डेस्टाटिसका अनुसार औद्योगिक उत्पादन ०.५ प्रतिशतले घटेको छ।

यद्यपि विश्लेषकले ०.९ प्रतिशत वृद्धिको अनुमान गरेका थिए । औद्योगिक अर्डरमा ११.१ प्रतिशतको गिरावट आएको छ । यो फ्याक्टसेट विश्लेषक सर्वेक्षणमा अपेक्षित ५.२ प्रतिशतको भन्दा धेरै ठूलो हो । यसले उद्योगमा माग कमजोर रहेको स्पष्ट सङ्केत दिएको छ । सार्वजनिक ऋणदाता केएफडब्लुका अर्थशास्त्री डर्क शुमाकरले भन्नुभयो, “यी सङ्ख्या स्पष्ट रूपमा निराशाजनक छन् । अर्डर इन्टेकमा देखिएको गिरावटले सङ्केत गर्दछ कि वृद्धिले उद्योगलाई अझ पछाडि राखेको छ ।”




सन् २०२६ को सुरुआतमा सकारात्मक आर्थिक तथ्याङ्कले जर्मन उद्योगको रिकभरी सम्भावित हुने सङ्केत दिएको थियो, तर जनवरीको तथ्याङ्कले यो सुधार कति कमजोर छ भन्ने देखाएको छ। मर्जका लागि यो चुनौतीपूर्ण पढाइ हो, जसले जर्मनीको फ्ल्याटलाइनिङ अर्थतन्त्रलाई गति दिन आफ्नो शीर्ष प्राथमिकता बनाएको छ ।

शुमाकरका अनुसार सरकारको रक्षा र अन्य क्षेत्रमा बढ्दो खर्चले केही क्षेत्रमा सुधार ल्याएको छ, तर व्यापक औद्योगिक वृद्धिको लागि पर्याप्त छैन । उहाँले भन्नुभयो, “केही क्षेत्र, जस्तै रक्षा, तीव्र रूपमा विकास भइरहेको छ, तर यसले समग्र उद्योगमा व्यापक वृद्धि ल्याउन पर्याप्त छैन ।” कोभिड-१९ महामारीपछिको समयदेखि जर्मनीको अर्थतन्त्र अपेक्षाकृत सुस्त गतिमा बढेको छ । जनवरीमा सरकारले सन् २०२६ का लागि वृद्धिको अनुमान १ प्रतिशतमा झारेको थियो ।

## मध्यपूर्व युद्धको प्रभाव: तेल बजार स्थिर बनाउन अन्तर्राष्ट्रिय पहल

*तेहरान, फागुन २५ गते ।*

मध्यपूर्वमा बढ्दो द्वन्द्व र तनावका कारण विश्व ऊर्जा बजारमा देखिएको अस्थिरता नियन्त्रण गर्ने उपायबारे प्रमुख औद्योगिक देशका अर्थमन्त्रीले छलफल गर्ने भएका छन् । फ्रान्स सरकारका एक स्रोतका अनुसार सोमबार हुने बैठकमा तेल बजारलाई स्थिर बनाउन रणनीतिक तेल भण्डार प्रयोग गर्ने सम्भावनाबारे गम्भीररूपमा विचार गरिने छ । फ्रान्सको अर्थ मन्त्रालयले बैठकमा खाडी क्षेत्रको पछिल्लो अवस्थासहित त्यसको विश्व अर्थतन्त्रमा पर्न सक्ने प्रभावबारे समीक्षा गरिने जनाएको छ । पछिल्ला दिनमा अमेरिका-इजरायल र इरानबिचको युद्ध तीव्र हुँदै जाँदा मध्यपूर्वबाट हुने तेल आपूर्तिमा अवरोध आउन सक्ने आशङ्का बढेको छ । यही कारण विश्व बजारमा कच्चा तेलको मूल्य तीव्ररूपमा बढ्दै गएको छ र धेरै देशका शेयर बजारमा पनि अस्थिरता देखिएको छ ।



फ्रान्सले हाल प्रमुख औद्योगिक देशको समूहको घुम्ती अध्यक्षता गरिरहेको छ, जसमा क्यानडा, जर्मनी, इटाली, जापान, बेलायत र अमेरिका पनि सदस्य रहेका छन् । ऊर्जा सङ्कटको सम्भावित जोखिमलाई ध्यानमा राख्दै ती देशले अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्रमार्फत संयुक्तरूपमा रणनीतिक तेल भण्डार बजारमा ल्याउने विषयमा पनि विचार गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेल मूल्य बढ्नु इरानको आणविक खतरा हटाउनका लागि तिर्नुपर्ने सानो मूल्य भएको बताउनुभएको छ । सन् १९७३ को तेल सङ्कटपछि ऊर्जा आपूर्ति अवरोधको अवस्थामा सदस्य देशबिच समन्वय गरेर प्रतिक्रिया दिन अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्र स्थापना गरिएको थियो । ऊर्जा सुरक्षालाई सुनिश्चित गर्न सदस्य देशले कम्तीमा ९० दिनको आयात बराबरको आपतकालीन तेल भण्डार राख्ने व्यवस्था रहेको छ, जसलाई आवश्यकता परे बजार स्थिर बनाउन प्रयोग गर्न सकिन्छ।

## बाँके–३...

उनी ‘दलितका लागि खै ?’ अभियानको संयोजक भएर राज्य संरचनामा दलित अधिकारको आवाज उठाउँदै आएका थिए। खरो र स्पष्ट अभिव्यक्तिका कारण उनी विभेदविरुद्ध सडकबाटै आवाज बुलन्द गर्ने अभियन्ताका रूपमा स्थापित छन्।

पत्रकारिता र सामाजिक अभियान

२०४७ सालमा दैलेखको नारायण नगरपालिका-छातीकोटमा जन्मिएका सुनारले कक्षा ८ देखि १२ सम्म सुर्खेतको वीरेन्द्रनगरमा शिक्षा प्राप्त गरेका थिए। राजनीतिशास्त्र र इतिहासमा स्नातक गरेपछि उनले २०६६ सालदेखि कलाकारिता र रेडियो पत्रकारितामा प्रवेश गरेका थिए।

पत्रकारिता र सामाजिक आन्दोलनसँगै उनी दलित अधिकारका लागि प्रखर आवाज बनेका थिए। २०७७ साल जेठमा रुकुमपश्चिममा नवराज विकसहित ६ युवाको हत्या भएपछि उनी दलित आन्दोलनमा थप आक्रामक र राष्ट्रिय स्तरमा चर्चित भएका थिए।

जनताको विश्वासको प्रतिनिधित्व

निर्वाचनमा विजयपछि सुनारले आफ्नो जीतलाई व्यक्तिगत सफलता नभई जनताको विश्वासको परिणाम भएको बताएका छन्।

उनले भने, “यो मेरो मात्र जित होइन, यो बाँके-३ का सम्पूर्ण मतदाताको विश्वास र जनादेशको जीत हो। अब जनताको मतको सम्मान गर्दै उनीहरूको अधिकार र आवाज संसदमा उठाउने मेरो जिम्मेवारी हो।”

हाल उनी आफ्नो क्षेत्रका मतदाताको घर-घरमा पुगेर धन्यवाद दिने अभियानमा जुटेका छन्। विश्लेषकहरूका अनुसार सडक आन्दोलनबाट उदाएका सामाजिक अभियन्ताको संसद प्रवेशले दलित अधिकार र सामाजिक समानताका मुद्दा राष्ट्रिय राजनीतिमा थप सशक्त रूपमा उठ्ने अपेक्षा गरिएको छ

## नयाँ सरकार...

प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। अहिलेको निर्वाचन परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बहुमततर्फ अग्रस्थानमा रहेकाले सो पार्टीले चयन गर्ने संसदीय दलको नेता प्रधानमन्त्री बन्ने सम्भावना रहेको छ।

निर्वाचनअघि नै रास्वपाले बालेन शाह लाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गरेको थियो। अन्तिम नतिजा सार्वजनिक भएपछि पार्टीले संसदीय दलको बैठकबाट नेता चयन गरी राष्ट्रपतिलाई प्रधानमन्त्री नियुक्तिका लागि सिफारिस गर्नेछ।

पहिले शपथ कि प्रधानमन्त्री ?

अन्तिम नतिजा सार्वजनिक भएपछि प्रतिनिधिसभामा निर्वाचित २७५ सांसद मध्ये सबैभन्दा ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने प्रचलन छ। त्यसपछि सोही सदस्यले अन्य सांसदहरूलाई शपथ गराउनेछन्।

त्यसपछि दलहरूले संसदीय दलको बैठकबाट नेता चयन गर्नेछन् र सोही आधारमा प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढ्नेछ।

कहिलेसम्म बन्नेछ नयाँ सरकार ?

निर्वाचन आयोगले ५ चैतभित्र अन्तिम निर्वाचन परिणाम राष्ट्रपतिसमक्ष बुझाउने तयारी गरेको जनाएको छ। यदि प्रक्रिया समयमै सम्पन्न भयो भने आगामी हप्ता अर्थात् चैत ६ भित्रै नयाँ प्रधानमन्त्री नियुक्त हुने सम्भावना रहेको छ।

नवनियुक्त प्रधानमन्त्रीको सिफारिसमा त्यसपछि मन्त्रिपरिषद् गठन हुनेछ र नयाँ सरकार औपचारिक रूपमा कार्यभार सम्हाल्नेछ।

## अन्तरघातको ...

गरेको आरोप लागेको छ।

सिरहा-१ बाट नेपाली कांग्रेसका उम्मेदवार रामसुन्दर चौधरी चुनावी मैदानमा थिए। तर उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार बब्लु गुप्तासँग पराजित भएका थिए।

निर्वाचनपछि बसेको क्षेत्रीय कार्यसमितिको बैठकले घटनाबारे छलफल गर्दै ती नेतामाथि कारबाहीका लागि केन्द्रीय अनुशासन समितिमा सिफारिस गर्ने निर्णय गरेको बताइएको छ।

अब केन्द्रीय अनुशासन समितिले आवश्यक छानबिन गरी अन्तिम निर्णय गर्नेछ।

## एमालेको...

छ। त्यस्ता बहसहरू महाधिवेशन र औपचारिक बैठकमा अल्पमतमा परे पनि अहिलेको चुनावी नतिजाले ती विषयहरू पुनः सान्दर्भिक भएको भट्टराईको तर्क छ। उहाँले एमाले ढलेको भए पनि समाप्त नभएको र सही नेतृत्व, नीति, संगठन र कार्यशैलीमार्फत पार्टीलाई फेरि उठाउन सकिने विश्वास व्यक्त गर्नुभएको छ।

भट्टराईले पार्टीका नेता-कार्यकर्तालाई सम्बोधन गर्दै आत्मभर्त्सनाको साटो गम्भीर आत्मसमीक्षाको बाटो अपनाउन आग्रह गर्नुभएको छ। उहाँले संयम र धैर्यतासहित पार्टीको एकता जोगाउँदै सही मार्गमा अघि बढ्न सबै पंक्तिलाई प्रेरित गर्नुभएको छ। निर्वाचन आयोगको तथ्याङ्कले एमाले समानुपातिकतर्फ पनि तेस्रो स्थानमा खुम्चिएको देखाएपछि भट्टराईको यो अभिव्यक्तिले नेतृत्व परिवर्तन र नीतिगत पुनर्गठनबारे पार्टीभित्रको बहसलाई थप तीव्र बनाउने संकेत गरेको छ।

## धनुषा–१...

भएपछि मत गणनामा उनी समावेश हुन सकेनन्। खारेज भएको बाबजुद, घण्टी चुनाव चिन्हमा परेको मत गोप्य लगतमा राखिएको थियो।

मत परिणामअनुसार, मातृकाप्रसाद यादवले १०,४२८ मत, कांग्रेसका रामपल्टन साहले ९,४८५ मत, र एमालेका रामचन्द्र मण्डलले ९,२२० मत प्राप्त गरेका छन्।

विश्लेषकहरूले यस चुनावलाई उम्मेदवारको व्यक्तिगत प्रभाव, पार्टीको क्षेत्रीय लोकप्रियता र कानुनी विवादको संयोजनसँग जोडेर हेर्दैछन्। प्रारम्भिक नतिजाले देखाउँछ कि स्थानीय स्तरमा नेकपा अझै बलियो रहेको छ, तर राजनीतिक परिस्थितिले चुनावी परिणामको प्रक्रिया संवेदनशील बनाएको छ।

धनुषा-१ को यो परिणामले आगामी राजनीतिक परिदृश्यमा सैद्धान्तिक र कानुनी चुनौतीहरू सहितको नयाँ समीकरणको संकेत दिएको छ।

## सामानुपातिक...

वितरणमा निर्णायक भूमिका खेलेको छ।

निर्वाचन विश्लेषकहरूले यस परिणामलाई स्थानीय संगठनको सक्रियता, क्षेत्रीय लोकप्रियता र गठबन्धन रणनीति सँग जोडेर हेरेका छन्। प्रारम्भिक परिणामले देखाएको छ कि परम्परागत दलहरू कांग्रेस र एमालेले अपेक्षित मत प्राप्त गर्न नसक्दा राजनीतिक समीकरणमा नयाँ गतिशीलता उत्पन्न भएको छ। यस चुनावले केन्द्रिय पार्टीको प्रभाव भन्दा स्थानीय नेतृत्व र क्षेत्रीय लोकप्रियताको महत्व पुष्टि गरेको छ।

अन्तिम मत गणना र क्षेत्रीय विवरण सार्वजनिक हुँदा रास्वपाको अग्रता अझ स्पष्ट हुने अनुमान गरिएको छ। यसरी, रास्वपा र बालेन शाहको संयुक्त प्रभावले आगामी राजनीतिक परिदृश्यमा नयाँ समीकरण र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सक्ने देखिन्छ। समाचाबतुार पार्दासम्म झण्डै ५० प्रतिशत मत पाएको छ।यद्धपी अन्तिम मत परिणाम आउन केही दिन लाग्ने आयोगले जानकारी गराएको छ।

## गोरखा–१...

चर्चामा आएका थिए। आन्दोलनका क्रममा उनी आन्दोलनकारी पक्षसँग सरकारबीच भएको वार्तामा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिका रूपमा देखिएका थिए।

उक्त आन्दोलनका बेला गुरुङलाई बालेन शाहको दूत (प्रतिनिधि) का रूपमा पनि हेरिएको थियो। आन्दोलनकारी समूह र राज्य पक्षबीच संवाद स्थापना गर्न तथा वार्ता सहज बनाउन उनले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको बताइन्छ।

यही पृष्ठभूमि र सक्रियताका कारण उनी युवा पुस्तामाझ परिचित बनेका थिए। अहिले निर्वाचनमा विजय हासिल गर्दै गुरुङ पहिलोपटक संघीय संसदमा प्रवेश गर्ने भएका छन्।

विश्लेषकहरूका अनुसार सामाजिक आन्दोलन र युवा राजनीतिक धारबाट उदाएका गुरुङको संसद प्रवेशले नयाँ पुस्ताको प्रतिनिधित्वलाई थप बल दिने अपेक्षा गरिएको छ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# कार्की आयोगको प्रतिवेदन : पूर्व प्रधानमन्त्री ओलीसहित उच्च पदाधिकारीहरूलाई कारबाही सिफारिस

*काठमान्डौं, फागुन २५ –*
जेनजी प्रदर्शनबारे छानबिन गर्न गठन गरिएको उच्चस्तरीय कार्की आयोगले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको छ। करिब पाँच महिनाको अनुसन्धानपछि आयोगले गल्ती गर्ने पदाधिकारीहरूलाई फौजदारी कारबाही अघि बढाउन सिफारिस गरेको छ। सिफारिसमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, काठमाडौँ जिल्ला सुरक्षा समितिका अध्यक्ष छविलाल रिजाल, तत्कालीन गृहमन्त्री रमेश लेखक, गृह सचिव गोकर्णमणि दुवाडी र आइजिपी चन्द्रकुवेर खापुङको नाम समावेश छ।







आयोगका सदस्य शर्माले प्रतिवेदन बुझाउने क्रममा भने, "जसले गल्ती गरेको छ, उसलाई कारबाही हुनेछ। हामीले आवश्यक सिफारिस गरेका छौं।" प्रतिवेदन नौ सयभन्दा बढी पृष्ठको छ र विभिन्न अनुसूचीहरू समावेश छन्। आयोगले भदौ २३ र २४ का घटनाहरूमा गोली प्रहारका क्रममा २१ जनाको ज्यान गएको र घटनामा तत्कालीन प्रधानमन्त्री र जिल्ला सुरक्षा प्रमुखलाई मुख्य जिम्मेवार ठहराएको छ।

त्यस्तै, भदौ २४ को आगजनी, लुटपाट र तोडफोडमा संलग्नहरूलाई पनि आयोगले अभियोजनको सिफारिस गरेको छ। आयोगले सरकारलाई सुझाव दिएको छ कि मुलुकी अपराध संहिता-२०७४ अनुसार ज्यान मार्ने र सङ्गठित अपराधका घटनाहरूमा कारबाही अघि बढाउनुपर्छ।

जेनजी प्रदर्शनको क्रममा कुल ७६ जनाको मृत्यु भएको थियो। पीडितहरूको नाममा बुद्धिबहादुर तामाङ, सन्तोष बिक, श्रीयम चौलागाईं, आयुष थापा मगर, सौरभ जोशी, योग बहादुर श्रेष्ठ, माधव सारुमगर, विमल बावु भट्ट, असहाव आलम ठकुराई, शौरन किशोर श्रेष्ठ लगायत १०० भन्दा बढी व्यक्तिहरू समावेश छन्।

आयोगले मङ्सिर २४ को १० बुँदे सम्झौताअनुसार उच्चस्तरीय छानबिन गरी कारबाही अघि बढाउने दायरामा जोड दिएको छ। सरकारले प्रतिवेदन कार्यान्वयन गर्ने तरिकाले जेनजी आन्दोलनका पीडितहरूलाई न्याय प्राप्त हुने वा नपाउने निर्धारण हुने विशेषज्ञहरूले बताएका छन्।

# सामानुपातिक मतमा पनि बालेनको प्रभाव, रास्वपा अग्रस्थानमा

काठमाण्डौं , २५ फागुन – संघीय संसद् निर्वाचन २०८२ को प्रारम्भिक मत परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई निर्णायक अग्रस्थानमा राखेको छ। प्रारम्भिक गणनाअनुसार रास्वपाले कुल ४७,३८,६४३ मत प्राप्त गरेको छ, जुन कुल सदर मतको करिब ४५-५० प्रतिशत हो। यसले जनताले रास्वपामा ठूलो विश्वास राखेको र पार्टीप्रति सकारात्मक धारणा रहेको देखाउँछ।




मुख्य प्रतिद्वन्द्वी दलहरूको स्थिति तुलनात्मक रूपमा कमजोर देखिएको छ। नेपाली कांग्रेस ले १५,९२,५२३ मत (~१५%), नेकपा एमालेले १३,२८,७२६ मत (~१२%), नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ७,१६,३८६ मत (~७%) प्राप्त गरेका छन्। यसैगरी, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी-नेपाल ले क्रमशः ३,३८,५०१ मत, ३,११,९०८ मत र १,५९,९३९ मत प्राप्त गरी आफ्नो प्रभाव कायम गरेका छन्।

विशेषतः बालेन शाहको नामले १२५ सिट जित्ने प्रभाव प्रत्यक्ष निर्वाचनमा देखिएको छ। यस कारण समानुपातिक मत गणनामा पनि रास्वपाको पक्षमा स्पष्ट अग्रता कायम भएको छ। विश्लेषकहरूका अनुसार, बालेन शाह जस्ता लोकप्रिय नेताको उपस्थितिले पार्टीको मत प्रतिशत र सिट

बाँकी तेस्रो पृष्ठमा

# गोरखा–१ मा रास्वपाका सुदन गुरुङ विजयी

*गोरखा, फागुन २५ –*
प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत गोरखा निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुधन गुरुङ विजयी भएका छन्।




अन्तिम मतपरिणामअनुसार गुरुङले २९ हजार ८९६ मत प्राप्त गर्दै जीत हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रेमकुमार खत्री ले १५ हजार ३९८ मत प्राप्त गरेका छन्। यस विजयसँगै प्रत्यक्षतर्फ रास्वपाले जितेको सिट संख्या १२५ पुगेको छ।

सुधन गुरुङ विशेषगरी भदौ २३ र २४ मा भएको 'जेन-जी आन्दोलन' का क्रममा सक्रिय भूमिकाका कारण

बाँकी तेस्रो पृष्ठमा

# भावी प्रधानमन्त्री बालेनले छिट्टै सार्वजनिक गरे चुनावी खर्च, कुल १४ लाख मात्रै खर्चको दाबी

*काठमाडौंमा , फागुन २५ –*
झापा निर्वाचन क्षेत्र नम्बर ५ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित बालेन्द्र साह (बालेन) ले आफ्नो चुनावी खर्च सार्वजनिक गरेका छन्। बालेनले पूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली लाई ऐतिहासिक मतान्तरले पराजित गर्दै विजयी बनेका थिए।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता समेत रहेका बालेनले निर्वाचन आयोगमा नियमानुसार आफ्नो खर्च विवरण बुझाउँदै सार्वजनिक गरेका हुन्। बालेनका अनुसार उनको चुनावमा कुल १४ लाख १७ हजार २८९ रुपैयाँ खर्च भएको छ।

सबैभन्दा बढी ५ लाख ८० हजार रुपैयाँ वडा स्तरीय प्रचार कार्यक्रममा खर्च भएको छ। सवारी साधन भाडा २ लाख ९३ हजार ८००, हवाई भाडा ३५ हजार, मतदाता प्रशिक्षण कार्यक्रमको खाजा २८ हजार ९७०, नमुना मतपत्र छपाइमा ४९ हजार ८५० र क्षेत्रीय निर्वाचन कार्यालय सञ्चालनका लागि पानी खरिदमा १ लाख २० हजार रुपैयाँ खर्च भएको विवरणमा उल्लेख छ।

यस्तै, स्टेशनरी खरिदमा २२ हजार ८२०, प्रचार प्रसारका लागि झन्डा र ब्याच छपाइमा १ लाख ५७ हजार ४१, ब्यानर र स्टिकर छपाइमा १ लाख १९ हजार ८०८, र मनोनयन दर्तामा १० हजार रुपैयाँ खर्च भएको छ।

बालेनको यो खर्च सार्वजनिक हुनु भनेको चुनावी पारदर्शिता र निर्वाचन ऐन, २०७४ तथा आयोगद्वारा स्वीकृत आचारसंहिताको पालना भएको उदाहरणको रूपमा पनि लिइएको छ।

# राष्ट्रियसभाका नवनिर्वाचित सदस्यले लिए शपथ

*काठमाडौं, फागुन २५ –*
संघीय संसद अन्तर्गत राष्ट्रियसभाका नवनिर्वाचित सदस्य सोमबार सिंहदरबारमा आयोजित समारोहमा पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन्। राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नेपालको संविधानको धारा ८६(२) अनुसार नवनिर्वाचित सदस्यलाई शपथ गराएका हुन्। शपथ ग्रहणपछि अध्यक्ष दाहालले नवनिर्वाचित सदस्यलाई संसदको लोगो हस्तान्तरण गर्दै सफल कार्यकालको शुभकामना दिएका थिए।



गत माघ ११ गते राष्ट्रियसभाका १८ सदस्यका लागि निर्वाचन सम्पन्न भएको थियो। यस क्रममा विभिन्न प्रदेशबाट निर्वाचित सदस्यहरू यस प्रकार रहेका छन्ः कोशी प्रदेशबाट रोशनी मेचे, सोमनाथ पोर्तेल र सुनिलबहादुर थापा; मधेस प्रदेशबाट रेखाकुमारी झा, धर्मेन्द्र पासवान, रन्जित कर्ण र महन्थ ठाकुर; बागमती प्रदेशबाट गीता देवकाटा र प्रेमप्रसाद दङ्गाल; गण्डकी प्रदेशबाट जगत तिमिल्सिना र सम्झना देवकोटा; लुम्बिनी प्रदेशबाट रामकुमारी झाँक्री, चन्द्रबहादुर केसी र वासुदेव घिमिरे; कर्णाली प्रदेशबाट मीनासिंह रखाल र ललितजङ्ग शाही; तथा सुदूरपश्चिम प्रदेशबाट लीलाकुमारी भण्डारी र खम्मबहादुर खाती निर्वाचित भएका छन्।

राष्ट्रियसभा ५९ सदस्यीय छ र संविधानले प्रत्येक दुई-दुई वर्षमा एक तिहाइ सदस्यको निर्वाचन हुने व्यवस्था गरेको छ। विश्लेषकहरूका अनुसार नवनिर्वाचित सदस्यहरूको शपथ ग्रहणसँगै राष्ट्रियसभामा आगामी कार्यकालका लागि सक्षम नेतृत्व र राजनीतिक स्थायित्व सुनिश्चित हुने अपेक्षा गरिएको छ।

# एमालेको हारपछि योगेश भट्टराईको ठोस अभिव्यक्ति: "जनताले नीति र नेतृत्व दुवै अस्वीकृत गरे"

*काठमाडौं, फागुन २५ –*
हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनको नतिजापछि नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले पार्टीको वर्तमान नीति र नेतृत्वमाथि स्पष्ट प्रश्न उठाउनुभएको छ। सामाजिक सञ्जालमार्फत भट्टराईले जनताले पार्टीको चाल र नेतृत्वलाई शान्तिपूर्ण तर स्पष्ट रूपमा अस्वीकृत गरेको स्वीकार गर्नुभएको उल्लेख गर्दै अब पार्टीभित्र सर्वाङ्गीण रूपान्तरण र नयाँ रणनीति अपनाउनु अपरिहार्य भएको बताउनुभएको छ।



उहाँले विगतमा, विशेषगरी २०८१ भदौ २३-२४ का घटनाक्रमपछि एमालेले अख्तियार गरेका कतिपय नीतिप्रति आफूले असहमति व्यक्त गर्दै आएको स्मरण गराउनुभएको

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।